तीनपाटन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिन्धुली
प्रदेश, नेपाल
२०७३

आज मिति २०७४ साल ०४ महिना ०८ गतेका दिन यस तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा देहायका सदस्यहरूको उपस्थितिमा बैठक बसी तपशिलका प्रस्तावहरू माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

१. श्री कर्ण बहादुर मगर - अध्यक्ष
२. श्री पदममाया तामाङ - का.स.
३. श्री गोविन्द राउत - "
४. श्री हेम बहादुर श्रेष्ठ - "
५. श्री लाल बहादुर स्याङतान - "
६. श्री खड्ग बहादुर भुजेल - "
७. श्री दिनेश कुमार खमोली - "
८. श्री वीर बहादुर पुलामी - "
९. श्री कोमल बहादुर खपाँङ्गी - "
१०. श्री रेखराज अधिकारी - "
११. श्री छोर बहादुर मगर - "
१२. श्री कृष्णहरी भुजेल - "
१३. श्री हितलाल श्रेष्ठ - "
१४. श्री जगदिश्वर तोलाङी - "
देवमाया १५. श्री देवमाया श्रेष्ठ - "
१६. श्री टेक बहादुर परियार - "
भगती १७. श्री भगवती श्रेष्ठ - "
१८. श्री गीतामाया थापा - "
दुध १९. श्री दुध कुमारी ठकुरी - "
२०. श्री भानुभक्त बराल - "

प्रस्तावहरू

१. गाउँकार्यपालिका कार्यविभाजन नियमावली, गाउँ कार्यपालिकाका कार्यसम्पादन नियमावली र गाउँ कार्यपालिका बैठक संचालन कार्यविधी २०७४ सम्बन्धमा ।
२. कर्मचारी हाजिर गराउने सम्बन्धमा ।
३. आ.व. २०७४/०७५ को बजेट सम्बन्धमा ।

३ नं. प्रदेश, नेपाल
२०७४

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गाउँ कार्यपालिका कार्यविभाजन नियमावली २०७४, गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली २०७४ र गाउँ कार्यपालिका बैठक संचालन कार्यविधी २०७४, "नमुना कानुन" मन्त्रालय बाट प्राप्त भएकोमा केही परिमार्जन सहित गाउँसभामा पठाउने निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा जिल्ला समन्वय समिति सिन्धुलीको च.नं. ६४ मिति २०७४।५।११को पत्र साथ रमाना पत्र लिई यस कार्यालयमा आउनुभएका सहायकस्तर पाँचौ पदका श्री मान बहादुर समाल, स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा १४ मा व्यवस्था भए बमोजिम गठित जिल्ला व्यवस्थापन समिति सिन्धुलीको मिति २०७४।४।११ को निर्णयानुसार आउनु भएकोमा निजको तलबभत्ता स्थानीय तहबाट भुक्तानी गर्नुपर्ने भन्ने उल्लेख भएकोमा उक्त सहायक स्तर पांचौ पदमा स्थायी पदपुर्ति भइ आएमा वा अन्यत्रबाट तलबभत्ता पाउनेगरी सरुवा भई कर्मचारी आएमा निजको पद स्वत करार सम्झौता भंग हुने गरी तथा अन्य कुनै प्रकारको दायित्व गाउपालिकामा नसर्ने र ग्रेड समेत लागू नहुने गरी खाइआइ पाएको शुरु तलब स्केल हुने गरी हाललाई रु २३५००।- तेइससहजार पाँचसय मासिक ~~तलब~~ पारिश्रमिक भुक्तानी गर्ने गरी ६(छ) महिनाको लागि सेवा करार गर्ने निर्णय गरियो।

निर्णय नं. ३.

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०७४।७५को नीति तथा कार्यक्रम र वार्षिक बजेट कार्यपालिकाबाट स्विकृत गरी गाउसभामा अनुमोदनकोलागि पेशगर्ने निर्णय गरियो।